

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ५७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ फागुन २८ गते आइतबार ❑ 12 March 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## उपराष्ट्रपति पदका लागि चार जनाको उम्मेदवारी

**रासस**
काठमाडौं २७ फागुन



उपराष्ट्रपति पदका लागि चार जनाको उम्मेदवारी दर्ता भएको छ। निर्वाचन आयोगले शनिबार बिहान ९ बजेदेखि अपराह्न २ बजेसम्मका लागि उम्मेदवारी दर्ताको समयसीमा तय गरेको थियो।

सहायक निर्वाचन अधिकृत अमृताकुमारी शर्माका अनुसार तोकिएको समयभित्र चार जनाको उम्मेदवारी परेको हो । नेकपा(एमाले)का तर्फबाट उपाध्यक्ष अष्टलक्ष्मी शाक्यले उम्मेदवारी दर्ता गर्नुभएको छ । यस्तै १० दलीय सत्तारुढ गठबन्धनकातर्फबाट जनता समाजवादी पार्टी नेपालका दुई जनाले उम्मेदवारी दर्ता गराउनुभएको छ । जसपाको तर्फबाट रामसहायप्रसाद यादव र प्रमिला यादवको उम्मेदवारी परेको छ । निर्वाचन आयोगले राष्ट्रपति पुरुष निर्वाचित भएपछि उपराष्ट्रपति महिला हुनुपर्ने जनाएपछि दुई जनाको उम्मेदवारी परेको बताइएको छ । यस्तै जनमत पार्टीको तर्फबाट ममता झाको उम्मेदवारी परेको छ । आइतबारसम्म गठबन्धनले आधिकारिक उम्मेदवार तय गर्ने बताइएको छ। उम्मेदवारी दर्तापछि सञ्चारकर्मीसँग कुराकानी गर्दै जनमत पार्टीका अध्यक्ष सिके राउतले सत्तागठबन्धनको तर्फबाट आइतबारसम्म साझा उम्मेदवार तय हुने बताउनुभयो।

आगामी चैत ३ गते उपराष्ट्रपति पदका लागि निर्वाचन हुँदैछ । राष्ट्रपतिमा भने सत्तारुढ गठबन्धनको तर्फबाट नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल निर्वाचित भइसक्नुभएको छ । यस्तै जनता समाजवादी पार्टीबाट उपराष्ट्रपति पदका उम्मेदवार रामसहायप्रसाद यादवविरुद्ध उजुरी परेको छ । यादवको उम्मेदवारी संविधान र कानुनविपरीत रहेको दाबी गर्दै नेकपा (एमाले)का सांसद महेश बर्तौलासहितले शनिबार नयाँबानेश्वरस्थित निर्वाचन अधिकृतको कार्यालयमा उजुरी पेस गरेका हुन् । "राष्ट्रपति र उपराष्ट्रपति निर्वाचनसम्बन्धी ऐन, २०७४ को दफा १६ (५)ले उपराष्ट्रपतिका लागि उम्मेदवार मनोनयन गर्दा राष्ट्रपति निर्वाचित व्यक्ति जुन लिङ्ग वा समुदायको हो सोभन्दा फरक लिङ्ग वा समुदायको व्यक्ति मनोनयन गर्नुपर्ने व्यवस्था गरेको छ", उजुरीमा भनिएको छ। राष्ट्रपतिमा पुरुष निर्वाचित भइसकेको अवस्थामा उपराष्ट्रपतिमा महिला हुनुपर्ने सांसद बर्तौलले उजरीमा भन्नुभएको छ।

## हवाई उडानसँगै गण्डकी र कोशी प्रदेशको पर्यटन प्रवर्द्धनमा जोड

**पोखरापत्र संवाददाता**
पोखरा, २७ फागुन



गण्डकी प्रदेश र कोशी प्रदेशको पर्यटन प्रवर्द्धनका लागि स्थानीय तह र पर्यटन व्यवसायी बीच झापाको भद्रपुरमा अन्तक्रिया सम्पन्न भएको छ।

बुद्ध एयरले पोखरादेखि झापा (भद्रपुर) सिधा उडान गरेसँगै उत्साहित पोखराका पर्यटन व्यवसायीले गन्तब्य पोखरा कार्यक्रम मार्फत कोशी प्रदेशका स्थानीय तह र त्यहाँका पर्यटन व्यवसायी एवम् पत्रकारसँग छलफल गरेर पर्यटन प्रवर्द्धनका विषयमा जोड दिएका हुन् । पोखरा पर्यटन परिषदको आयोजना, नाटटा गण्डकीको संयोजनमा भएको अन्तरक्रिया कार्यक्रममा पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले पोखरा र भद्रपुर हवाइ उडानले पर्यटन प्रवर्द्धनमा भुमिका खेल्ने र यसका लागि पर्यटकीय गन्तब्य र गतिविधिमा जोड दिनुपर्ने बताउनु भयो। उहाँले पर्यटन वृहत विषय भएकाले कुनै सानो कुराको प्रभाव पर्यटनमा प्रत्यक्ष पर्ने भएकाले आतिथ्यता लगायतका विषयमा ध्यान दिनुपर्नेमा जोड दिनुभयो । उहाँले घुम्नै पर्ने शहरको रुपमा आफ्नो स्थान बनाएको पोखरालाई एउटा सुन्दर र व्यवस्थित शहर बनाउने योजना अनुरुप पर्यटन पुर्वाधारका महानगरले काम गरिहेको जानकारी समेत दिनुभयो । सोही अवसरमा प्रमुख आचार्यले एसियाली विकास बैंक (एडिबि) ले पोखराको दिगो पर्यटन र विकास परियोजनामा सहकार्यका लागि पोखरा महानगरले प्रस्ताव गरेको १५ वटा परियोजना छानिएर सम्झौता भएको जानकारी दिनुभयो। उहाँका अनुसार पोखरा पर्यटनलाई जिविकोपार्जनसँग जोड्ने यस परियोजना ३ वर्ष भित्र सक्ने लक्ष्य छ राखिएको छ , यति नभए पनि पाँच देखि ७ अर्ब सम्मको हुन सक्ने अनुमान गरिएको छ । यस परियोजनाले पोखराको पर्यटन विकासमा ठूलो सहयोग पुग्ने विश्वास लिएको आचार्यले बताउनुभयो।

भद्रपुर नगरपालिका मेयर गणेश पोखरेलले पर्यटन विकासका कुनै एक क्षेत्रमात्र नभई सबै सरोकारवालाहरुको सहकार्य र समन्वयको आवश्यक औल्याउनुभयो । उहाँले पोखरा र भद्रपुर उडानले गण्डकी र कोशी प्रदेश गन्तब्य प्रवर्द्धन, उत्पादित सामग्रीको बजारिकरण लगायतका भारतीय पर्यटनको आवागमनलाई पनि बढाउने विश्वास व्यक्त गर्नुभयो । उहाँले सुन्दर प्राकृतिक शहर पोखरालाई झापासँग अब १ घण्टा १० मिनेटको यात्राले घुम्न सहज बनाइदिएको जनाउँदै यसलाई अवसरको रुपमा लिएर दुई प्रदेशको पर्यटन प्रवर्द्धनका लागि सहकार्यको आवश्यता औल्याउनुभयो।

नेपाल पर्यटन बोर्डका सदस्य मदन आचार्यले पर्यटनका लागि हस्पिटालिटि, कनेक्टिभिडी, मार्केटिङ र पुवार्धारको अपरिहार्यतामा जोड दिनुभयो । उहाँले पर्यटन कुनै एक विषयसँग मात्र सम्बन्धित नहुने जनाउँदै विविध क्षेत्रलाई पर्यटनले समेट्ने जनाउँदै दिगो पर्यटनका विकासका लागि प्रादेशिक संरचनाबाट पर्यटनबोर्ड स्थापनाको तयारी भइरहेको पनि जानकारी दिनुभयो। पोखरा पर्यटन परिषदका कार्यबाहक अध्यक्ष कृष्ण भण्डारीले कनेक्टिभिले पर्यटनलाई चलायमान बनाउने भएकाले एक अर्कोको स्थानको गन्तब्यको पहिचान र प्रवर्द्धनका लागि सहकार्य र समन्वय आवश्यक रहने बताउनुभयो । नेपाल एशोसियशन अफ टुर एण्ड ट्राभल्स (नाटटा) गण्डकीका अध्यक्ष हरिराम अधिकारीले पोखरा भद्रपुर उडान आन्तरिक पर्यटक मात्र नभई भारतीय पर्यटकलाई पनि अब पोखरा आउन सहज भएको बताउनु भयो। उहाँले पोखर भद्रपुर उडानमा यात्रुले माउण्टेन प्लाइटमा जस्तै विश्वको अग्लो सगरमाथाको अवलोकन गर्दै नेपालको होचो ५८ मिटर रहेको कचनकवलको भुभागको पुगेर भौगोलिक अवस्थितीको अध्ययन र अवलोकन समेत गर्न पाइने सुन्दर पक्षको चर्चा गर्नुभयो।

कार्यक्रममा कन्काइ नगरपालिका प्रमुख राजेन्द्र पोखरेल, विर्तामोड नगरपालिका उपप्रमुख पवित्रा महतारा प्रसाइ, रोङ गाउँपालिका अध्यक्ष मणिकुमार स्याङ्बो, कचनकवल गाउँपालिका अध्यक्ष कलेन्द्रसिंह राजवंशी, झापाका प्रमुख जिल्ला अधिकारी शिवराम पोखरेल, नेपाल पत्रकार महासंघ झापा अध्यक्ष एकराज गिरी, लगायतले पर्यटनको एकृकित विकासमा जोड दिदै दुई प्रदेशको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## तीनै तहको सरकारलाई बलियो बनाउनुपर्छ : मन्त्री शर्मा

**पोखरापत्र संवाददाता**
दमौली, २७ फागुन



सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं सरकारका प्रवक्ता रेखा शर्माले तीनै तहको सरकारलाई बलियो बनाउनुपर्ने बताउनुभएको छ।

तनहुँको आँबुखैरेनी गाउँपालिकाकोसातौंस्थापनादिवसको अवसरमा शनिबार यहाँ आयोजित कार्यक्रममा उहाँले बलिदान र सङ्घर्षबाट प्राप्त भएको उपलब्धिविरुद्ध षड्यन्त्र हुन थालेकाले त्यस्ता षड्यन्त्रलाई असफल बनाइने उल्लेख गर्नुभयो। मन्त्री शर्माले तीनै तहको सरकारबीच समन्वय र सहकार्य हुँदा नै देश विकास सम्भव रहेको बताउनुभयो । संविधानले तीन तहको सरकारको परिकल्पना गरेको उल्लेख गर्दै उहाँले संविधानले नै तीनै तहका सरकारको अधिकारलाई व्यवस्थित गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "स्थानीय तह जनताको नजिकको सरकार हो। जनताको सुखदुःखको साथी हो ।" विकास निर्माणमा सरकार प्रतिबद्ध रहेको उल्लेख गर्दै मन्त्री शर्माले योजना बनाएर अगाडि बढ्न सबैलाई आग्रह गर्नुभयो । स्थानीय सरकारलाई बलियो बनाउनका लागि कानुन निर्माण गर्न सङ्घीय सरकार प्रतिबद्ध रहेको उहाँको भनाइ थियो। उहाँले भन्नुभयो, "बलिदान र सङ्घर्षबाट प्राप्त उपलब्धि गुम्न दिँदैनौँ। स्थानीय तहलाई बलियो बनाएर लैजान सरकार प्रतिबद्ध छ ।"गाउँपालिकाले अगाडि सारेका गौरवका योजनाका लागि बजेट विनियोजन गर्न सरकार प्रतिबद्ध रहेको मन्त्री शर्माले बताउनुभयो। कार्यक्रममा गण्डकी प्रदेशका भौतिक पूर्वाधार व्यवस्थामन्त्री हरिबहादुर चुमानले स्थानीय सरकारलाई बलियो बनाउन प्रदेश सरकार सहयोग गर्न सदैव तयार रहेको बताउनुभयो । आँबुखैरेनी गाउँपालिका अध्यक्ष शुक्र चुमानले स्थानीय सरकार प्रदेश र सङ्घीय सरकारसँग सहकार्य गरेर काम गर्न तयार रहेको बताउनुभयो। कार्यक्रममा गाउँपालिकाको विकासमा योगदान गर्ने विभिन्न व्यक्तिलाई सम्मानित गरिएको छ।

## लोकभजन जोगाउन महोत्सव

**पोखरापत्र संवाददाता**
पोखरा, २७ फागुन

प्राचीन संस्कृति र परम्परासँग गाँसिएको लोकभजन जगेनार्थ पोखरामा भजन महोत्सव सुरु भएको छ । राष्ट्रिय लोकभजन चुड्का संरक्षण प्रतिष्ठानले महोत्सव आयोजना गरेको हो । नयाँबजारस्थित प्रदर्शनी केन्द्रमा शनिबारदेखि राष्ट्रव्यापी भजन चुड्का प्रतियोगिता सुरु गरिएको हो।

प्रतियोगितामा देशभरबाट ३२ भजन समूहले सहभागिता जनाएको प्रतिष्ठानका सदस्य सचिव डा तुलसीराम खनालले जानकारी दिनुभयो । भजन महोत्सवसँगै बृहत् ज्ञान महायज्ञको शुभारम्भ बिहीबार गरिए पनि प्रतियोगिता शनिबारदेखि सुरु भएको हो। लोपोन्मुख अवस्थामा पुगेका लोकभजनको संरक्षण गर्ने उद्देश्यले महोत्सव आयोजना गरिएको सदस्य सचिव डा खनालले बताउनुभयो। प्रतिष्ठानका अध्यक्ष प्रजापति पुराजुलीले धार्मिक गीतका रूपमा प्रचलित भजन लोप हुन नदिन प्रतिष्ठानले महोत्सव, प्रतियोगितालगायत संरक्षणका काम गर्दै आएको बताउनुभयो। नेपाली भजन संस्कृतिमा राष्ट्रव्यापी रूपमा नयाँ जागरण ल्याउन आफूहरू लागिपरेको उहाँको भनाइ छ । "महोत्सवले लोकभजनको उत्थान र जगेर्नामा टेवा पुग्छ, नयाँ पुस्ताले भजनबारे बुझ्ने मौका पाउँछन्", अध्यक्ष पराजुलीले भन्नुभयो । कुनै ताका मठ, मन्दिर, पूजापाठ र कर्मकाण्डमा खुम्चिएको लोकभजनले पछिल्लो मेला, महोत्सवमा ठाउँ लिन थालेको छ। प्रतिष्ठानले यसअघि पनि पोखरामै भजन महोत्सव गर्दै आएको थियो। बागलुङलगायतका जिल्लामा पनि भजन महोत्सव हुने गरेका छन्। समाज आधुनिक बन्दै जाँदा भजन जस्ता परम्परागत गीत, कला र संस्कृति हराउने चिन्ताबीच संरक्षण अभियान अघि बढेको हो । भजनले मानिसलाई आत्मिक शान्ति दिने र सत्मार्गमा लाग्न प्रेरित गर्ने बागलुङस्थित जैमिनी सङ्कीर्तन समूहका अध्यक्ष टेकबहादुर क्षत्रीले बताउनुभयो । इश्वरीय कथा, गाथा, भगवान्को गुणगान र वर्णन गरेर भजन गाउने गरिएको उहाँको भनाइ छ। उक्त समूह पनि यसअघि विभिन्न ठाउँमा हुने भजन प्रतियोगितामा भाग लिएर पुरस्कृत भएको छ । लोकभजनमा बढीजसो ईश्वरीय महिमा र पौराणिक कथा अभिव्यक्त गर्ने गरिन्छ । प्रतियोगितामा सहभागी हुने भजन समूहले गायनसँगै भगवान् शिव, कृष्ण चरित्रदेखि रामायण, महाभारत आदिका कथाभावलाई अभियनमा उतार्ने गरेका छन्। धर्म, सभ्यता र संस्कृतिसँगै सामाजिक विषयलाई समेत उठान गरेर भजन गाउने गरिएको कलाकार बताउँछन् । मौलिक संस्कृतिको ज्ञान र शिल्प नयाँ पुस्तामाझ पुऱ्याउन पनि धार्मिक मेला, महोत्सव र प्रतियोगिताले सघाउने आयोजकको विश्वास छ। प्रतियोगितामा प्रथम हुनेलाई रु ५१ हजार, द्वितीयलाई रु ३१ हजार, तृतीयलाई रु २१ हजार र सान्त्वनालाई रु ११ हजार पुरस्कार राखिएको छ । उत्कृष्ट झाँकी, वेशभूषा, नाच आदिलाई पनि नगद पुरस्कार प्रदान गरिने प्रतिष्ठानले जनाएको छ।

आउँदो चैत २ गतेसम्म चल्ने ज्ञान महायज्ञ एवं भजन महोत्सवमा आध्यात्मिक गुरु गुरु चैतन्य कृष्णले भागवत् वाचन गरिहनुभएको छ । महोत्सवबाट सङ्कलित रकम प्रतिष्ठानको केन्द्रीय कार्यालय भवनमा निर्माण खर्च गरिने जनाइएको छ । महोत्सवमा रु एक करोड आम्दानी र रु ३५ लाख ४४ हजार खर्च हुने आयोजकको अनुमान छ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. -५२०६५१

# शितल ज्योति कप फुटवल प्रतियोगिताको उपाधि एल.जी.एकतालाई

पोखरापत्र संवाददाता
पोखरा, २७ फागुन




शितल ज्योति कप सेभेन ए साइड फुटबल प्रतियोगिता २०७९ को उपाधि एल.जी. एकताले जितेको छ।

निकै प्रतिष्र्धामा शनिबार पोखराको अम्मरसिंह चौरको खेल मैदानमा भएको फाइनल खेलमा एल.जी.ले रत्न सेवा समाजको समुहलाई सडेन डेथमा पराजित गर्दै उपाधि सहित नगद १ लाख ५५ हजार ५ सय ५५ रुपैयाको साथमा ट्रफी मेडल र प्रमाणपत्र प्राप्त गरेको छ। उपविजेता भएको समाजले भने ८५ हजार ५ सय ५५ रुपैयाँको साथमा ट्रफी मेडल र प्रमाणपत्र पुरस्कार प्राप्त गर्‍यो। निर्धारित समय २५/२५ मिनेट र थपिएको ५/५ मिनेटमा समेत गोल हुन नसके पछि टाईब्रेकरमा दुबै तर्फ ३/३ गोल भए पनि टाईब्रेकरको सडेन डेथमा ७-६ मा एलजीले रत्न सेवा समाजलाई पराजित गर्दै उपाधि जितेको हो। सडेन डेथमा समाजका गोलरक्षक विश्वास पौडेलले प्रहार गरेको पेनाल्टी सुट क्रसबारमा लागेर फर्कीएको थियो। एलजीका गोलरक्षक कृष्ण गुरूङले सडेन डेथमा गोल गरे। एलजीका प्रिन्स तुलाचन, प्रशान्त गुरुङ र राहुल थापाले टाईब्रेरमा गोल गरे भने समाजका विनय तामाङ, सीमोन तामाङ र राकेश गुरुङले समेत टाईब्रेकरमा गोल गरेका थिए। त्यसै गरी टाईब्रेकरको सडेन डेथमा एलजीका विवेक गुरुङ, जीवन गुरुङ, दीवस परियारले गोल गरे भने समाजका आइत तामाङ, जोन तामाङ र नकुल तामाङले पेनाल्टी सुटमा गोल गरे। निकै आक्रमक शैलिमा उर्त्रिएका दुबै टोलीले खेलमा गोल गर्न नसक्दा जित निकाल्न टाईब्रेकर हुदै सडेन डेथमै पुग्नु पर्‍यो। त्यसैगरी प्रतियोगितामा ई–लाइट फुटवल क्लव अनुशासित टीम घोषित भएको छ भने उसले ट्रफीको साथमा नगद ८ हजार पुरस्कार प्राप्त गर्‍यो। प्रतियोगितामा रत्न सेवा समाजका राकेश राई उत्कृष्ट खेलाडी घोषित भए। उत्कृष्ट खेलाडी राईलाई माउण्टेन वाइक पुरस्कार वितरण गरिएको थियो। प्रतियोगिताको उत्कृष्ट गोलरक्षकमा समाजका विश्वास पौडेल, उत्कृष्ट डिफेण्डरमा एलजीका प्रिन्स तुलाचन, उत्कृष्ट मिडफिल्डरमा समाजका नकुल तामाङ, सर्वाधिक गोलकर्ताको उपाधि ६ गोल गरेका तारा एफ.सी.का मनिस थापा मगर घोषित भए। प्रतियोगितामा उत्कृष्ट प्रशिक्षकमा समाजका खिम छन्त्याल घोषित भए। विभिन्न विधामा उत्कृष्ट भएका उनीहरुलाई जनही ५ हजारको साथमा ट्रफी पुरस्कार प्रदान गरिएको छ। प्रतियोगितामा २९ टिमको सहभागिता रहेको शितल ज्योति क्लवका सचिव पुर्ण गुरुङले बताए। विजयी खेलाडीहरुलाई नेपाल सेभेन ए साईड फुटवल महासंघका अध्यक्ष नवीन पुन, प्रतियोगिताका संयोजक सन्तोष गुरुङ, क्लवका अध्यक्ष नर प्रसाद गुरुङ लगायतले पुरस्कार वितरण गरेका थिए। क्लवले उक्त अवसरमा कलाकार बुद्धि प्रसाद गुरूङ (गौरी) लाई सांस्कृतीक क्षेत्रमा पुराउनु भएको योगदानको मुल्यांकन गर्दै सम्मान गरेको छ। त्यसै गरी खेलकुदको क्षेत्रमा सहयोग पुर्‍याएको भन्दै क्लवले पूर्व खेलाडी एवं प्रशिक्षक हरि खड्कालाई समेत सम्मान गरेको छ। प्रतियोगिता यही फागुन २० गतेदेखी सञ्चालन भएको पूर्व अध्यक्ष सुरज गुरुङले जनाए।

# कन्चन टोल बिकास संस्थाको अध्यक्षमा पुनः क्या. इन्द्रवहादुर

पोखरापत्र संवाददाता
पोखरा, २७ फागुन



पोखरा महानगरपालिका वडा नं १३ स्थित कञ्चन टोल विकास सस्थाको १२ औं साधारण सभा तथा चौथो अधिवेशनले क्या. इन्द्रवहादुर गुरुङको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको छ।

शनिवार भएको अधिवेशनले संस्थाको उपाध्यक्षमा रामबहादुर गुरुङ्ग, सचिवमा राजेन्द्र प्रसाद बराल, कोषाध्यक्षमा जगत गुरुङ्ग, सह कोषाध्यक्षमा सुस्मिता पौडेल रहेका छन्। त्यसैगरी सदस्यहरुमा क्रमश धनबहादुर गुरुङ्ग, रश्मि शाही, सिता चापागाईं, मिना बराल, सरस्वती तिमिल्सिना, श्रीराम रानाभाट, चौ माया गुरुङ्ग र वृन्दा परियार चयन भएका छन्। निर्वाचन मण्डलका संयोजक सन्तोष शाहीको निर्वाचन समितिले निर्वाचन प्रक्रिया सम्पन्न गरेको हो।

वडा नं. १३ का वडा अध्यक्ष किरण बरालले ८० वर्ष पुगेका बृद्ध वृद्धाहरुलाई खादा ओडाई सम्मान गरेका थिए। सोही दिन स्नातक र सो भन्दा माथि उत्तिर्ण विद्यार्थीहरुलाई पनि सम्मान गरिएको थियो। वडा नं. १३ वडा सदस्य सुचिता तामाङ्ग, संस्थापक अध्यक्ष ऋषिराम सापकोटा, काहुँखोला टोल विकास संस्थाका प्रतिनिधि खम्ब सिहँ गुरुङ्ग लगायतले वोलेका थिए। कन्चन टोल विकास संस्थाका सल्लाहकार तिलकबहादुर कार्कीले कार्यक्रम संचालन गरेका थिए।

# केसीका अव्यक्त पीडा र दोषी नजर लोकार्पण, बल्लभलाई सम्मान

पोखरापत्र संवाददाता
पोखरा, २७ फागुन



कवि तथा गीतकार देवेन्द्र केसी देवुका पछिल्ला दुई कृतिको शुक्रवार एक समारोह बीच पोखरामा लोकार्पण गरियो।

वरिष्ठ संगीतकार शक्ति बल्लभ, वरिष्ठ साहित्यकार सरुभक्त र वरिष्ठ लोकगायिका हरिदेवी कोइरालाले संयुक्तरूपमा उक्त कृतिको लोकार्पण गरेका हुन्। प्रमुख अतिथि वरिष्ठ संगीतकार शक्ति बल्लभले केसीका सिर्जनासँग जोडिएपछि आफूलाई धेरै पहिलाल उनीसँग जोडिनुपर्ने अनुभूति भएको बताए। उनले केसीका सिर्जना आफूले फेला पारेपछि संगीतका माध्यमबाटै जवाफ दिने गरेको बताए। पोखरा आगमन सन्दर्भमा बोल्दै बल्लभले कार्यक्रमका हिसाबले पोखरा आगमन यो तेस्रो भएको बताए। पहिलो पटक म्यूजिक नेपालले पोखरामा आयोजना गरेको कार्यक्रममा अली मियाँ र ईश्वर बल्लभसँगै रहेको स्मरण गर्दै पोखरालाई साहित्यको राजधानीका रूपमा चित्रण गरे। अनेसासको सम्मानप्रति आभार व्यक्त गर्दै उनले आफू पूर्वको मान्छे भएर पनि प्रिय भूमि पोखरा रहेको बताए। सोही समारोहबीच अनेसास गण्डकी समितिकातर्फबाट संगीतकार बल्लभलाई नेपाली सुगम संगीतका क्षेत्रमा पाँच दशक साधना गरी पुऱ्याएको योगदानको कदर गर्दै सम्मान गरेको हो। सरुभक्त, हरिदेवी र कृष्णप्रसाद बास्तोलाले संयुक्तरूपमा सम्मान अर्पण गरेका थिए। अतिथि सरुभक्तले केसीलाई लामो समयदेखि नजिकैबाट चिनेको बताउँदै समकालीन नेपाली समाजकोचित्रणनैदेवेन्द्रकासिर्जना रमुक्तककाविषयवस्तुभएकोबताए। हरिदेवीकोइरालालेकेसीलाईव्यस्त जीवनको परिपाठ मिलाउँदै राष्ट्रसेवकसँगै साहित्यसेवकका रूपमा अगाडि बढेको सफल र असल प्रतिभाकारूपमा चिनाइन्।

कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी अनिल शाहीले आफ्ना अनुभव र अनुभूतिलाई लिपिबद्ध गराएर राज्यमा सुव्यवस्था कायम गर्न लेखन अनिवार्य भएको बताए।

कृतिको समीक्षा गर्दै घनेन्द्र ओझाले छ सातवर्षदेखि सिर्जनाका माध्यमबाट देवुलाई चिन्दै आएको र उनको साहित्य लेखनको पहिलो कडी इमान भएको बताए। कृति सम्पादनका सम्बन्धमा बताउँदै उनले अव्यक्त पीडा भित्र केसीका हजार ैंमध्येका उत्कृष्ट मुक्तक भएको बताए। स्रष्टाको परिचयसमेत दिँदै ओझाले कास्कीको भलाममा जन्मेका केसीका यस अघि यसरी पोखियो मन, परेलीभित्रै छु कवितासङ्ग्रह, मनको पहिरो, इमानको पहाड मुक्तकसङ्ग्रह र यो जुनीमा यस्तै भयो गीतिएल्बम प्रकाशित गरिसकेका सिर्जनशील स्रष्टा भएको धारणा व्यक्त गरे।

कृतिका स्रष्टा केसीले सधैं आफूले काठमाडौंमा मात्र कार्यक्रम गर्ने भनेर आफ्ना जन्मभूमिवासीको स्नेहले यस पटक पोखरामा कार्यक्रम आयोजना गरेको बताए। आफ्ना जागिरे तथा व्यक्तिगत जीवनका विविध अध्याय र आयामको स्मरण गर्दै समय-समय भावुकसमेत भएका केसीले दाजुभाइको बाल्यकालीन स्नेहसमेत स्मरण गरे। साथै, अनेसास र हरिदेवी कोइराला साहित्य संगीत सम्मान कोषले यो बन्दोबस्तो मिलाएकोमा आभार पनि व्यक्त गरे। कार्यक्रममा रामभक्त जोजिजु, कर्ण दास र नवीन कार्कीले दोषी नजर भित्रका गीत गायन, सावित्री गिरी र वसन्त विनोदले कृतिभित्रका मुक्तकवाचन गरेका थिए। समाजसेवी रमेशबहादुर भट्टराई, साइभक्त मोहन केसीलगायतले देवेन्द्रका विविध व्यक्तित्व र आयामका बारेमा आयामबारे चर्चा गरे। अध्यक्षको आसनबाट बोल्दै कृष्ण बास्तोलाले हरिदेवी कोइराला एकल सांगीतिका साँझबाट स्थापना भएको संस्थाले स्रष्टा सम्मान, कृति लोकार्पण जस्ता कार्यक्रम गर्दै आएको जानकारी गराए। अनेसास उपाध्यक्ष दुर्गा न्यौपानेको स्वागत मन्तव्य रहेको कार्यक्रममा महासचिव असफल गौतमले सम्पूर्णलाई धन्यवाद ज्ञापन गरेका थिए।

# म्याग्दी तथा हिमालपारिको प्रवर्द्धन सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २७ फागुन

अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा पर्यटन व्यवसायी महिला सङ्घ नेपाल (टेवान)द्वारा आयोजित चार दिवसीय प्रवर्द्धनात्मक कार्यक्रम सम्पन्न भएको छ।

नेपाल पर्यटन बोर्ड, पर्यटन मन्त्रालय गण्डकी प्रदेश र पोखरा महानगरपालिकाको सहयोगमा गरिएको प्रवर्द्धनात्मक कार्यक्रममा पर्यटनसम्बद्ध सङ्घसंस्थाका प्रतिनिधि, सञ्चारकर्मीको सहभागिता थियो। कोरोनालगायतका विभिन्न कारणले सुस्ताएको पर्यटनलाई पूर्ववत् अवस्थामा फर्काउनका लागि चारदिने प्रवर्द्धन कार्यक्रम आयोजना गरिएको टेवानका अध्यक्ष कमला गिरीले जानकारी दिनुभयो।

प्रवर्द्धनकै अवसरमा युवा तथा महिला उद्यमीलाई लक्षित मुस्ताङमा डिजिटल मार्केटिङ तालिम गरिएको र म्याग्दीको बेनीमा महिला दिवसका अवसरमा आयोजित कार्यक्रममा सहभागी बनेको उहाँले बताउनुभयो। प्रवर्द्धनकै क्रममा म्याग्दीको रुप्से झरना, गलेश्वरधाम, मुस्ताङको थकाली सामुदायिक होमस्टे ठिनी, ढुम्बा ताल, कागबेनी, मुक्तिनाथ हुँदै उपल्लो मुस्ताङको लोमन्थाङ, नेपाल-चीनबीचको कोरला नाकाआदिको स्थलगत अवलोकन गरिएको कार्यक्रम संयोजक शोभा अधिकारी पौडेलले जानकारी दिनुभयो।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्व केन्द्रीय अध्यक्ष आनन्दराज मुल्मी, पोखरा पर्यटन परिषद्का महासचिव सञ्जयकान्त सिग्देल, टेवानका पूर्वअध्यक्ष रेनु थापालगायत पर्यटनसम्बद्ध व्यवसायी एवं सञ्चारकर्मीको सहभागिता थियो।

# हवाई...

हवाइ उडानले पर्यटन प्रवर्द्धनमा महत्वपूर्ण भूमिका खेल्ने धारणा राख्नुभयो। वक्ताहरुले कोशी प्रदेश राजनीतिक, धार्मिक, ऐतिहासिक, प्राकृतिक लगायतका विशेषता युक्त प्रदेश भएकाले यसलाई विभिन्न तरिकाबाट प्रवर्द्धन गर्न सकिनेमा जोड दिनुभयो। सहभागि वक्ताहरुले दक्षिण एसियामै उत्कृष्ट मानिएको जैविक विविधताले युक्त जलथल वनक्षेत्र, महाभारत कालीन कथाको प्रसंगमा जोडिएको किच्चक वध, चिया बगानको सुन्दरता, त्यस क्षेत्रमा उत्पादित सामाग्रीलाई पनि कसरी प्रचार प्रसार प्रवर्द्धन गर्न सकिन्छ भन्ने विषयमा आफ्नो धारणा राख्नुभएको थियो। भद्रपुर नगरपालिका र पोखरा महानगपालिकाको सहयोगमा सम्पन्न अन्तक्रिया कार्यक्रममा सहभागी वक्ताहरुले पर्यटनलाई सबैको पहुँचमा पुर्याउने हवाइ उडानको नियमितता र सडक पुर्वाधारको विकासमा जोड दिनुभएको थियो।

## जातीय विभेदको अन्त्य गरौं

◆ जातीय आधारमा नभई मानिसको ज्ञान, सीप र कर्मको कदर गरौं।
◆ मानिसको श्रेष्ठता उसको आचरणले निर्धारण गर्दछ।
◆ कर्मद्वारा मानिसको श्रेष्ठता कायम गरौं।
◆ जातीय विभेदले पैदा गरेको अन्धविश्वासमा नपरौं।
◆ छुवाछुत र भेदभावजन्य कार्य दण्डनीय हो, सचेत रहौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा

धनवस्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी डा. राजिव घिमिरे पोखरामा यही मिति चैत २ गते बिहीबार आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस्।

हाम्रो सेवाहरु :
पाइल्स :कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्वार दुख्ने चिलाउने, सुनिने आदि।
फिस्टुला :मलद्वारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने
फिसर :मलद्वारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने
ग्याष्ट्रिक :मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने
अन्य रोगहरु :अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि

नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्वारा विना अपरेशन उपचार गरिन्छ।

बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फोन ०६१-५८५१५४, ९८४४३११५०४, ९८०६५७५७६५
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जीवनमा न मनोविनोदको स्थान छ न आँसुको, जीवन त एउटा सेवासदन हो । - लियो टोल्सटोय

**सम्पादकीय**

# उपराष्ट्रपतिमा गठबन्धनमा अविश्वास

राष्ट्रपति पदमा नेकपा एमाले विरुद्ध एक भएका दलहरू उपराष्ट्रपति चुनावमा साझा उमेदवार बनाउन सकेका छैनन् । गठबन्धनका ठूला दलहरू एक ठाउँमा रहँदा साना दलका उमेदवारले परिणाममा फरक पार्न सक्दैनन् । गठबन्धनमा रहेका दलहरूबीच अविश्वासको कारण एउटै दलबाट दुईजनाको उमेदवारी परेको छ । १० दलीय गठबन्धनबाट उपराष्ट्रपतिमा तीन जनाको उम्मेदवारी परेको छ । सत्ता गठबन्धनबाट जनता समाजवादी पार्टीबाट दुई जना र जनमत पार्टीबाट एक गरी तीन जनाको उम्मेदवारी परेको छ । जसपाबाट जसपा संसदीय दलका नेता रामसहायप्रसाद यादव र प्रमिला यादवको उम्मेदवारी दर्ता भएको छ ।

प्रमिला यादवको प्रस्तावकमा रञ्जु झा, मृगेन्द्रकुमार सिंह यादव, नवलकिशोर शाह, दीपक कार्की, राजकिशोर यादव रहेका छन् भने समर्थकमा अनिता देवकोटा, विमला सुवेदी, सीता गुरूङ, जयन्ती राई, मनिस सुमन छन् । त्यस्तै, रामसहायप्रसाद यादवको प्रस्तावकमा जसपा नेता अशोककुमार राई, प्रदीप यादव, किसान श्रेष्ठ, शक्ति बस्नेत, रमेशजंग रायमाझी छन् भने समर्थकमा रेखा यादव, अम्बिका काफ्ले, प्रकाश ज्वाला, खिमलाल देवकोटा, भानुभक्त जोशी रहेका छन् ।

त्यस्तै, १० दलीय गठबन्धनबाट नै जनमत पार्टीकी नेत्री ममता झाले पनि उपराष्ट्रपति पदका लागि उम्मेदवारी दर्ता गराएकी छन् । उनको प्रस्तावकमा अब्दुल खान, अनिता देवी, गंगाराम चौधरी, अविराम शर्मा, रुपाकुमारी यादव रहेका छन् भने समर्थकमा गोमालाम सापकोटा, विनिताकुमारी सिंह, वसन्तकुमार कुशवाह, रामप्रकाश चौधरी, रानीकुमारी तिवारी रहेका छन् । मधेस केन्द्रीत दलहरूबीच मेल हुन नसकेकाले साना तीन दलले कार्यगत एकता गर्ने सहमति गरेका छन । महन्त ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी, सिके राउत नेतृत्वको जनमत पार्टी र रेशम चौधरी संरक्षक र रंजिता चौधरी श्रेष्ठ नेतृत्वको नागरिक उन्मुक्ति पार्टी बीच कार्यगत एकता गर्ने सहमति भएको छ ।

उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी विरुद्ध तीन पार्टीको कार्यगत एकता हुनु मधेसमा एउटै दललाई बलियो बन्न नदिने खेल त होइन भन्ने प्रश्न उठेको छ । देशका ठूला दल काङ्ग्रेस र एमालेलाई बलियो बन्न नदिन क्षण क्षणमा गठबन्धन फेर्ने साना र नयाँ दलहरूको चरित्र बनेको छ । सत्ता गठबन्धनमा सहमति बन्न सक्दैन कि भन्ने बुझेर नेकपा एमालेले उपराष्ट्रपति पदमा उमेदवार उठाएको छ ।

नेकपा एमालेबाट उपाध्यक्ष अष्टलक्ष्मी शाक्यले उम्मेदवारी दर्ता गराएकी छन् । उनको प्रस्तावकमा केपी शर्मा ओली, सुवासचन्द्र नेम्वाङ, छविलाल विश्वकर्मा, गोकर्ण बिष्ट र रघुवीर महासेठ छन् भने समर्थकमा कृष्णगोपाल श्रेष्ठ, महेश बर्तौला, तुलसा दाहाल, भगवती न्यौपाने र यशोदा रिजाल छन् । नेपाली उखान रात रहे अग्राख पलाउँछ भने झै निर्वाचन आयोगले खुट्टा दह्रो टेक्न सकेमा गठबन्धनले निर्णयमा पुनर्विचार गर्नुपर्नेछ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : आर्थिक समस्या |
| वृष | : मन चञ्चल | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : शारीरिक झमेला |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : सम्मान मिल्नेछ | कुम्भ | : शत्रुको भय |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : झमेला बड्ने |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# शताब्दी घरको आँगनमा 'अरनिको' पुस्तकमाथि विमर्श

**पोखरापत्र संवाददाता**
बागलुङ, २७ फागुन

साहित्यकार गणेशकुमार जिसीद्वारा लिखित अरनिको एसिया एक प्रस्तावना पुस्ताकमाथि विमर्श भएको छ ।

शनिबार कुश्मा कला परियोजनाको आयोजनामा माझगाउँस्थित शताब्दी घरमा आयोजित पुस्तकमाथि विमर्श र लेखक तथा पाठकबीच संवाद गरिएको छ । कार्यक्रममा साहित्यकार इन्द्रमान खत्रीले लेखकले गम्भीर र मौलिक विषयमा कलम चलाएको र नयाँ पुस्ताले अरनिको विषयमा पढ्न र बुझ्न् पुस्तक गहकिलो सन्दर्भ सामग्री हुने विचार व्यक्त गर्नुभयो ।

नेपालका ७९ जना कालिगढको नेतृत्व गरी सुरुमा तिब्बतमा रहेको शाक्य गुम्बाको स्वर्ण चैत्य र पछि मङ्गल साम्राज्यका राजा कुब्लाई खानकामा गएर अरनिकोले गरेको कलाप्रदर्शनको गहिरो अनुसन्धान गरी लेखकले पुस्तकमा उतारेको साहित्यकार जिसीले बताउनुभयो । मध्यकालीन काठमाडौं उपत्यकामा जन्मेर राजा जयभीमदेवको पालामा सन् १२६१ मा तिब्बत र चीन गएर अरनिकोले भित्तेचित्र, चैत्य, बौद्ध बिहार, दरबार र मन्दिर निर्माण गरी एसियाभरमा कलाको प्रसार गरेको विषय लेखेकले पुस्तकमा मेहनतसाथ उतारेको साहित्यकार तथा नयाँ विश्वका सम्पादक मुकेश राजभण्डारीले प्रकाश पार्नुभएको थियो । लेखक गणेशकुमार जिसीले अरनिकोको बारेमा धेरै सामग्री खोज्दा विसं २०४४ मा सत्यमोहन जोशीले प्रकाशन गरेको अरनिको जीवनीबाहेक अन्य प्रकाशन सामग्री फेला नपारेपछि अरनिको बारेमा जान्ने र बुझ्ने हुटहुटीले लेखनयात्रा अगाडि बढाउँदा पुस्तक तयार भएको अनुभव सुनाउनुभयो । अरनिको सामान्य कलाकार मात्र नभइ उनको कला यात्रा बृहत् भएको, चित्रकला, वास्तुकला, मूर्तिकला तथा वैज्ञानिकसमेत भएको हुनाले अरनिकोलाई हामीले बृहत्‌रूपमा बुझ्नुपर्ने र खोज्नुपर्ने बेला आएको लेखक जिसीले पुस्तक विमर्श कार्यक्रममा धारणा राख्नुभयो ।

अमेरिकन लेखक आनिजिङ आफ्नो अनुसन्धानपत्रमा अरनिकोलाई 'बुनिलेस्सी', 'माइकेलएन्जेलो' र 'लियोनार्दोदा भिन्ची'सँग तुलना गरेको हिसाबले अरनिको प्रतिभा र योगदान अतुलनीय भएको पुस्तक लेख्ने क्रममा आफूले अनुभूति गरेको साहित्यकार जिसीले बताउनुभयो । विसं २०३१ मा पर्वत जिल्लाको गिज्याङ गाउँमा जन्मनुभएका जिसीले नेपाली कला, साहित्य, संस्कृति, इतिहास, पुरातत्व र अन्तरसांस्कृतिक अध्ययनमा रुचि लिने स्रष्टा हुनुहुन्छ । उहाँको अहिलेसम्म चारवटा एकल प्रदर्शनी, देश-विदेशमा गरी तीन दर्जन कला प्रदर्शनी, २०६४ सालमा 'अग्नि यात्रा कविता सङ्ग्रह' र २०६८ मा 'सीमान्त अक्षर' संयुक्त कविता सङ्ग्रह प्रकाशित छन् ।

पुस्तक विमर्श कार्यक्रममा लेखक, साहित्य अनुरागी, कलाप्रेमी र जिज्ञासु विद्यार्थीले पुस्तक र लेखकसँग प्रश्न र जिज्ञासा राखेका थिए । तीन दशकदेखि साहित्य क्षेत्रमा संलग्न जिसी हाल युर्निभर्सल कलेज काठमाडौंको ललितकला विभागसँग आवद्ध हुनुहुन्छ । कार्यक्रम कुश्मा कला परियोजनाका अध्यक्ष आरके आदिप्त गिरीको सञ्चालनमा सम्पन्न भएको थियो ।

# पर्यटन प्रवर्द्धन र विकासमा सहयोग गर्न नाट्टाको आग्रह

**रासस**
काठमाडौं, २७ फागुन

नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा)ले पर्यटन प्रवर्द्धन र विकासमा सहयोग गर्न संयुक्त पर्यटन ट्रेड युनियनसँग आग्रह गरेको छ ।

नाट्टाका अध्यक्ष रमेश थापाले आज विज्ञप्ति जारी गरी विगत केही दिनदेखि संयुक्त पर्यटन ट्रेड युनियन फोरमले नाट्टासँग केही माग राखेर वार्ता गरिरहेको अवस्थामा शुक्रबार नाट्टा सचिवालयमा ताला लगाउने काम भएको भन्दै यसले मुलुकको पर्यटन प्रवर्द्धन र विकासमा सहयोग नपुग्ने बताउनुभएको हो ।

"सन् २०१५ को विनाशकारी भूकम्प, कोरोना र बैंक तथा वित्तीय संस्थाको चर्को ब्याजदरका कारण थला परेको नेपालको पर्यटन व्यवसायलाई पुनःजीवन दिन नेपालका पर्यटन व्यवसायीको अथक र धैर्यपूर्ण सङ्घर्ष गरिरहेको अवस्थामा कार्यालयमा तालाबन्दी गरिनु गम्भीर विषय भएको छ", अध्यक्ष थापाद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

नाट्टाले नेपालको पर्यटन प्रवर्द्धनमा चाइना सेल्स मिसन, अन्तर्राष्ट्रिय बुद्धिष्ट सर्किट सेल्स मिसन, बुद्धिष्ट इन्टरनेशनल ट्राभल मार्टलगायतको काम गरिरहेको अवस्थामा कार्यालयमा तालाबन्दी गर्दा यसबाट पर्यटक आवागमनसमेत प्रभावित हुने बताएको छ ।

आन्दोलनरत पक्षलाई समस्याको गाम्भीर्यता बुझी बिनाशर्त ताला खोल्न र पर्यटन प्रवर्द्धन र विकासमा सहयोग गर्न नाट्टाले आग्रहसमेत गरेको छ । पर्यटन व्यवसायीले भोग्नुपरेको असहज परिस्थितिप्रति गम्भीर भइदिन र समस्याको समाधानमा सहजीकरण गर्न विभिन्न सरकारी तथा पर्यटन व्यवसायसँग सम्बन्धित सङ्घसंस्थासँग नाट्टाले आह्वानसमेत गरेको छ ।


## विमा लेख हरायो

**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेख पृथ्वीचोकदेखि महेन्द्रपुलसम्म जाँदा हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु ।**

**नाम: इन्द्र बहादुर भाट**

**विमा लेख नं. १३०००८५४३**

**सम्पर्क : लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड**

**सम्पर्क नं. : ९८४६२०२६४४**


# पोखरा मानन्धर गुठीको साधारण सभा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २७ फागुन



पोखरा मानन्धर गुठीको बाह्रौं साधारण सभा गुठीका सभाध्यक्ष सोम नारायण मानन्धरको सभापतित्वमा शनिबार सम्पन्न भएको छ ।

उक्त कार्यक्रममा संस्थाको प्रतिवेदन राजकुमार मानन्धरले पेश गरेकोमा बृहत छलफल पश्चात सर्बसम्मत पारित गरेको थियो । कार्यक्रमको प्रमुख अतिथी तथा केन्द्रिय मानन्धर संघका पूर्व अध्यक्ष देव कुमार मानन्धरले क्याक्मी स्याङ्जामा मानन्धर गुठी निर्माणमा पोखरा मानन्धर गुठीको महत्वपूर्ण रहेको बताउनुहुँदै सबै सदस्यहरुको सहभागितामा मात्र समुदायको विकास हुने बताए । सभामा एम बी.ए.को परीक्षामा ३.८९ जी.पी.ए सहित उत्तिर्ण हुन सफल निलिमा मानन्धरलाई नगद पुरस्कार तथा दोसल्ला ओढाई सम्मान गरिएको थियो । त्यस्तै जेष्ठ सदस्य बर्ष ९० को सन्तमाया मानन्धरलाई दोसल्ला ओढाई सम्मान गरिएको थियो ।

उक्त सभाले आगामी दुइ बर्षका लागि इन्द्रकमल मानन्धरको अध्यक्षतामा सर्बसम्मत ९ सदस्यिय कार्यसमिति चयन गरिएको छ । शीब मानन्धर, बिजया अधिकारी मानन्धर र निरज मानन्धर क्रमशः उपाध्यक्ष, सचिब र कोषाध्यक्ष रहेको उक्त समितिमा पुरुषोत्तम मानन्धर, समिर मानन्धर, सागर मानन्धर, बिराज मानन्धर सदस्य रहेका छन । उक्त समितिको कार्यकाल दुइ बर्षको रहने छ । पूर्व अध्यक्ष सुन्दर मानन्धरले स्वागत मन्तव्य राखेको उक्त कार्यक्रमलाई सुरेस कुमार मानन्धरले सञ्चालन गरेका थिए । विभिन्न साष्कृतिक कार्यक्रम तथा खेलकुदका कार्यक्रम समेत रहेको उक्त कार्यक्रममा बिजयी सहभागीहरुलाई पुरूस्कार वितरण गरिएको थियो । उक्त सभा पश्चात बृहत पारिवारिक भोजको पनि आयोजना गरिएको थियो । कार्यक्रममा डा.जेम महर्जनबाट निःशुल्क छाला, कपाल र नङको परीक्षण गरी औषधी बितरण गरिएको थियो ।

# नेपालले २० खर्ब ७० अर्ब ऋण तिर्न बाँकी

**रासस**
काठमाडौं, २७ फागुन

चालु आर्थिक वर्ष २०७९/८० को अर्धवार्षिक समीक्षा अवधिमा नेपालको सार्वजनिक ऋण रू २० खर्ब ७० अर्ब ५३ करोड ६३ लाख पुगेको छ ।

गत पुस मसान्तसम्म नेपालले रू ११ खर्ब दुई अर्ब ५१ करोड बाह्य ऋण र रू नौ खर्ब ६८ अर्ब एक करोड आन्तरिक ऋण तिर्न बाँकी रहेको देखिएको हो ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले सार्वजनिक गरेको दोस्रो त्रैमासिक अवधिको सार्वजनिक ऋण प्रतिवेदनअनुसार चालु आवको छ महिनाको अवधिमा रू ५७ अर्ब २४ करोड ऋण थपिएको छ । गत असार मसान्तसम्म कूल सार्वजनिक ऋण रू २० खर्ब १३ अर्ब थियो । जसमध्ये बाह्य ऋण रू १० खर्ब ५० अर्ब २३ करोड र आन्तरिक ऋण रू नौ खर्ब ५७ अर्ब ६१ करोड बराबर थियो । चालु आवको दोस्रो त्रैमासिक अवधिसम्ममा रू ७६ अर्ब ६६ करोड ९९ लाख बाह्य ऋण थपिएको छ । आन्तरिक ऋण भने गत असारको तुलनामा पुसमा रू १९ अर्ब ४३ करोडले घटेको छ ।

नेपालको कूल गार्हस्थ्य उत्पादन (जीडीपी) को तुलनामा सार्वजनिक ऋणको अनुपात ४२ दशमलव ६७ प्रतिशत बराबर पुगेको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले जनाएको छ । अहिले कूल गार्हस्थ्य उत्पादन रू ४८ खर्ब ५१ अर्ब ६२ करोड बराबर छ । जिडिपी अनुपातमा आन्तरिक ऋण १९ दशमलव ९५ प्रतिशत र बाह्य ऋण २२ दशमलव ७२ प्रतिशत रहेको कार्यालयको तथ्याङ्कबाट देखिन्छ । चालु आवको पुस मसान्तसम्म नेपालले रू ४७ अर्ब २७ करोड बराबर ऋण उठाएको छ । जसमध्ये रू ३० अर्ब आन्तरिक र रू १७ अर्ब २७ करोड बाह्य ऋण उठाएको हो । यही अवधिमारू ४५ अर्ब ६१ करोड बराबर साँवा ब्याज भुक्तानी गरेको छ । पुस मसान्तसम्म सरकारले भुक्तानी गरेको साँवा रू २८ अर्ब ३० करोड र ब्याज रू १७ अर्ब ३१ करोड बराबर छ ।

यो अवधिमा आन्तरिक ऋणको साँवा रू १९ अर्ब ५९ करोड २५ लाख र ब्याज रू १५ अर्ब ६५ करोड ९६ लाख गरी कूल रू ३५ अर्ब २५ करोड भुक्तानी भएको छ भने बाह्य ऋणको साँवा रू आठ अर्ब ७१ करोड र ब्याज रू एक अर्ब ६५ करोड गरी रू १० अर्ब ३६ करोड भुक्तानी भएको छ ।

कूल साँवा ब्याज भुक्तानीमा आन्तरिक ऋणको साँवा ब्याज भुक्तानी ७७ दशमलव २८ प्रतिशत र बाह्य ऋणको साँवा ब्याज भुक्तानी २२ दशमलव ७२ प्रतिशत बराबर छ ।

# एक शिक्षकको भरमा विद्यालय

**पोखरापत्र संवाददाता**
बागलुङ, २७ फागुन

वरपर सुनसान जङ्गल । जङ्गलको छेउमै छ टोकरी गाउँ । कुनै बेला निकै चहलपहल हुने यो गाउँ अहिले उराठ बनेको छ । त्यही गाउँ छेउमै ढुङ्गा, काठ र माटोले बनेको एउटा जीर्ण विद्यालय छ । त्यस विद्यालयमा थोरै विद्यार्थी भए पनि कक्षा पाँचसम्म पढाइ हुन्छ । कक्षा पाँचसम्मको विद्यालय अहिले एउटा शिक्षिकाको भर चलेको छ ।

विद्यालयका प्रधानाध्यापक सेवानिवृत्त भएपछि एक महिनादेखि गलकोट नगरपालिका-७ टोकरीगाउँस्थित देउराली प्राथमिक विद्यालयमा स्थानीय ज्योति थापाले पढाउँदै आउनुभएको छ । एक महिना अगाडि प्रधानाध्यापक केयरसिंह थापा सेवानिवृत्त हुनुभयो । अर्का एक शिक्षिकाले विवाह गर्नुभयो । त्यसपछि विद्यालयको सबै जिम्मेवारी शिक्षिका ज्योति थापाको काँधमा आयो । विद्यालयमा १९ विद्यार्थी छन् । कक्षा तीन र चार खाली छ । हाल कक्षा एक, दुई र पाँचमा पढाइ हुँन्छ । कक्षा एकमा १०, कक्षा दुईमा पाँच र कक्षा पाँचमा चार विद्यार्थी अध्ययनरत छन् ।

तीन वटा कक्षाका विद्यार्थीलाई पठनपाठन एक्लै गराउँदा समस्या भएको शिक्षिका थापा बताउनुहुन्छ । विद्यालयमा अझै दुई/तीन जना शिक्षकको आवश्यकता छ । "एक्लै छु, घरमा अपरझट काम पर्दा, बिरामी परे भने विद्यालयनै बन्द हुन्छ, सबै विद्यार्थीलाई एकै ठाउँ राखेर पढाउने गरेको छु", शिक्षिका थापाले भन्नुभयो, "प्रअ सरले अवधि पुगेर राजीनामा दिनुभयो, रुपा मिस विवाह बिदामा हुनुहुन्छ, अस्ती दुई दिन आउनुभएको थियो, त्यसपछि आउनुभएको छैन ।" शिक्षिका थापाले अहिले विद्यार्थीलाई बहुकक्षा शिक्षा प्रणालीअनुसार अध्यापन गराइरहनुभएको छ । कुनै बेला विद्यार्थीले भरिभराउ हुने देउराली प्राथमिक विद्यालय मात्र होइन बढ्दो बसाइँसराइले गाउँनै सुनसान बनेको छ । विद्यालयमा दुई जनाको स्थायी दरबन्दी रहे पनि अहिले रिक्त छ । हाल एक्लै अध्यापन गराउँदै आउनुभएकी ज्योति थापालाई केही महिना अगाडि घुम्टे युवा परिवार जापानले एक वर्षको तबल दिने गरी राखेको हो । गलकोट नगरपालिकाका शिक्षा शाखा प्रमुख रुद्रनारायण सापकोटाले विद्यालयमा दुई स्थायी शिक्षक आउने जानकारी दिनुभयो । तर, कहिले आउने यकिन नभएको उहाँको भनाइ छ । सापकोटाले स्थायी शिक्षक नआउँदासम्म अर्को विकल्प नभएको बताउनुभयो । नगरपालिकाका प्रमुख भरत शर्मा गैरेले व्यवस्थापन समितिले अहिलेसम्म यसको बारेमा जानकारी नगराएको भन्दै विद्यालयको अवस्था बुझेर शिक्षकको व्यवस्थापन गर्ने बताउनुभयो ।

# जेष्ठ नागरिक कल्याणकारी संस्थामा सिग्देल

**प्रतिक्षा पौडेल/रन्जिता आचार्य**
पोखरा, २७ फागुन



जेष्ठ नागरिक कल्याण कारी संस्था पोखरा १३ आर्वाको दोस्रो अधिवेशन ले बलराम सिग्देलको अध्यक्षतामा ९ सदस्यीय कार्यसमिति सर्वसम्मत निर्वाचित गरेको छ।

संस्थाको उपाध्यक्षमा शुशिला बराल, सचिव युवराज बराल तथा कोषाध्यक्षमा कृष्ण प्रसाद बराल छानिएका छन्। त्यस्तै सदस्यहरुमा हरीप्रसाद बराल, सरस्वती बराल, लेखनाथ बराल, बालकृष्ण बराल र गिरीराज बराल चुनिएका छन् । तेसैगरी संस्था को सल्लाहकारहरुमा रुद्र नाथ बराल, कृष्णप्रसाद बराल, कृष्ण प्रसाद सिग्देल, होमनाथ बराल र बिमला बराल छन् । यस अघि अधिवेशनको उद्घाटन गर्दै पोखरा महानगरपालिका वडा १३ का वडा अध्यक्ष किरण बरालले जेष्ठ नागरिकहरुलाई सधै माया गर्नुपर्ने बताउँदै वडाकार्यालयबाट हुने सबै खालका सहयोग उपलब्ध गराउने जानकारी दिए । उनले निकट भविष्यमा नै जेष्ठ नागरिक लाई धार्मिक स्थलहरुको भ्रमण गराउने आश्वासन दिए । जेष्ठ नागरिक बिश्राम स्थल बनाउने घोषणा गर्दै अध्यक्ष बरालले बजेट छुट्यायरनै यो काम अगाडी बढाउने प्रतिबद्धता ब्यक्त गरे ।

कार्यक्रममा बिशेष अतिथि पत्रकार एवं श्री मोहरपानी आदर्श टोल विकास संस्था पोखरा १३ का अध्यक्ष श्रीराम सिग्देलले जेष्ठ नागरिक सबैका प्यारा सम्मानित हुन् भन्दै जेष्ठ नागरिकहरुको संरक्षणमा लाग्ने प्रतिबद्धता ब्यक्त गरे । उनले हेलाँ होईन सेवाको भावनाले जेष्ठ नागरिक को पक्षमा लाग्न सबै संग आग्रह गरे । एकदिन सबै जेष्ठ नागरिक हुने हुँदा म पनि जेष्ठ नागरिक हुन्छु भन्ने भावनाले युवा वर्गले काम गर्नु पर्नेमा जोड दिए ।

जेष्ठ नागरिक कल्याणकारी संस्था पोखरा १३ आर्वाका अध्यक्ष रुद्रनाथ बराल को अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा जेष्ठ नागरिकहरु दामोदर बराल, भिम बहादुर बराल, टेकनाथ बराल, युवराज बराल लगायतले जेष्ठ नागरिकहरुका हक अधिकार संरक्षण मा सबै लाग्नु पर्ने मा जोड दिएका थिए ।

# बासथला गनगने खानेपानी उपभोक्ता समितिको साधारणसभा सम्पन्न

**समिक्षा गौतम/रन्जिता आचार्य**
पोखरा, २७ फागुन



बासथला गनगने पंधेरा खोला खानेपानी तथा सरसफाई उपभोक्ता समिति, पोखरा १३ आर्वाको सत्रौं साधारणसभा तथा नवनिर्मित कार्यालय भवनको उद्घाटन कार्यक्रम शनिबार आर्वामा सम्पन्न भयो ।

कार्यक्रमको उद्घाटन गर्दै पोखरा महानगरपालिका वडानं १३का वडा अध्यक्ष किरण बरालले खानेपानी जस्तो संवेदनशील बिषयमा कसरी वडावासी लाई सफा शुद्ध खानेपानी उपलब्ध गराउने भन्ने बिषयमा आँफु सधैं चिन्तित रहेको उल्लेख गरे। उनले खानेपानी उपभोक्ता समिति लाई वडाकार्बायालयबाट बजेट छुट्याएर नै थप ब्यवस्थापन गर्ने बचनबद्धतालाई ब्यक्त गरे। वडाको योजना अनुसार कोही पनि वडावासी खानेपानी बाट बञ्चित हुन नपरोस् भनेर योजनाबद्ध ढंगले अगाडि बढेको अध्यक्ष बरालले जानकारी दिए । उनले उपभोक्ताबाट नै सञ्चालित यस खानेपानी समितिलाई बिशेष बजेटको ब्यवस्था गरी ब्यवस्थापनमा ध्यान दिने प्रतिवद्धता ब्यक्त गरे ।

कार्यक्रममा बिशेष अतिथिको रुपमा पत्रकार तथा श्री मोहरपानी आदर्श टोल बिकाश संस्था पोखरा १३ आर्वाका अध्यक्ष श्रीराम सिग्देलले उपभोक्ता स्तरमा सञ्चालनमा रहेको यो उपभोक्ता समिति ले ठूलो मेहनतका साथ सयौं उपभोक्तालाई खानेपानी उपलब्ध गराएकोमा धन्यवाद ब्यक्त गरे।उनले उपभोक्ता समिति निकै मेहनती र परिश्रमी रहेको तर सबै उपभोक्ताबाट उचित सहयोग नपाएको आफुले महशुस गरेको बताउदै आगामी दिनमा खानेपानी लाईन मर्मत तथा निर्माणमा सबै उपभोक्ताबाट सहयोग गर्नु पर्ने सुभाव दिए। कार्यक्रमका अध्यक्ष एवं बासथला गनगने पंधेरा खोला खानेपानी तथा सरसफाई उपभोक्ता समिति का अध्यक्ष नर बहादुर बरालले समितिले पिउने पानीलाई मानव जिवनको लागि नभै नहुने आधारभूत आवश्यकताको प्राथमिकतामा राखेर उपभोक्तालाई पानीको अभाव हुन नदिने गरी काम गर्दै आएको बताए । उनले स्रोत साधन प्राविधिक कठीनाई तथा मौसमको प्रतिकुल असरका कारण सोचें जस्तो सुविधा दिन नसके पनी २४सै घण्टा उपभोक्ता लाई पानि उपलब्ध गराउन सफल भयको दावि गरे।उपभोक्ता बाट पनी समय समयमा आवश्यक सहयोग हुनु पर्नेमा उनले जोड दिए।

कार्यक्रममा अमरज्योति आधारभुत बिध्यालय का प्रधानाध्यापक बिमल बहादुर बराल, थापाको चौतारा टोल बिकाश संस्थाका अध्यक्ष राधाकृष्ण बराल, जागरण आमा समुहकी सचिव नमुना बराल, उपभोक्ता शिबप्रसाद बराल लगायतले शुभकामना मन्तव्य ब्यक्त गरेका थिए । साधारणसभामा अध्यक्ष नर बहादुर बरालद्वारा प्रस्तुत अध्यक्षको प्रतिवेदन र कोषाध्यक्ष मधुमाया बराल द्वारा प्रस्तुत कोषाध्यक्षको प्रतिवेदन पारित गरिएको थियो। उपाध्यक्ष घनश्याम बरालले स्वागत गरेको कार्यक्रमको सञ्चालन सचिव सावित्री सिग्देल र सदस्य बद्री प्रसाद देवकोटाले गरेका थिए।

पोखरा महानगरपालिका वडानं १३ आर्वाका झण्डै दुई सय सैतिस उपभोक्ता सदस्य रहेको सो खानेपानी उपभोक्ता समिति को नवनिर्मित कार्यालय भवनको पनि उद्घाटन गरिएको छ। झण्डै २२ कीलो मिटर टाढाबाट ल्याईएको सो खानेपानी घर घरमा मिटर सिस्टमद्वारा बितरण गर्दै आईएको छ।

# सिजनल पेन्सन क्याम्पबाट करिब १ हजार ६ सय भुपु सैनिकहरु लाभान्वित

**पोखरापत्र संवाददाता**
बागलुङ, २७ फागुन



गलकोट नगरपालिकामा सञ्चालित सिजनल पेन्सन क्याम्पबाट करिब १ हजार ६ सय भुपु सैनिकहरुले सेवा लिएका छन् ।

गलकोट नगरपालिकामा बिहीबार र शुक्रबार भारतीय भुपु सैनीक परिवार सिजनल पेन्सन क्याम्प सञ्चालन समितिको आयोजनामा सञ्चालित सिजनल पेन्सन क्याम्पबाट करिब १ हजार ६ सय भुपु सैनीकहरुले सेवा लिएको सिजनल पेन्सन क्याम्प सञ्चालन समितिका सचिव एलएस छुम बहादुर थापाले जानकारी दिनुभयो ।

शुक्रबार अन्तिम दिनको पेन्सन क्याम्पबाट ताराखोला गाउँपालिका, गलकोट नगरपालिका र बिहीबार छुटेका भुपुहरुको पेन्सन नविकरण गरिएको थापाले बताउनुभयो । त्यस्तै पहिलो दिनको सिजनलपेन्सनक्याम्पबाट निसिखोला गाउँपालिका, तमानखोला गाउँपालिका, ढोरपाटन नगरपालिका, बडिगाड गाउँपालिका, बरेङ गाउँपालिकाका भारतिय भुपु सैनीकहरुले सेवा लिएका थिए।

# अक्षर चिन्ने मौका नपाएकी पत्नीको स्मृतिमा विद्यालयमा मञ्च निर्माण

**रन्जिता आचार्य**
पोखरा, २७ फागुन

पर्वतको लेकफाँटका भीमबहादुर जीसीले श्रीमतीको स्मृतिमा विद्यालयमा मञ्च निर्माण गरेका छन् ।

लेकफाँटको सिरुबारे घर भएका ८० वर्षीय जीसीले स्वर्गीय श्रीमती तुलसीदेवी जीसीको सम्झनामा साढे तीन लाख रुपैयाँ खर्च गरेर मञ्च निर्माण गरेका हुन्। 'हाम्रो विवाह २०२० सालमा भयो। उनले पढेकी थिइनन् तर साह्रै पढ्न मन गर्ने । म छुट्टीमा आएका वेला पनि बाह्रखरी पढाइदिनु भन्थिन, बाह्रखरीको किताब किनेर ल्याइदिनु भन्थिन् । म पेन्सन आएपछि अलिअलि त सिकाएँ तर बुढेसकालमा सबै सिक्न सकिनन', उनी भन्छन्, 'उनी मधुमेह र प्रेसरकी रोगी थिइन् । २०७८ सालको फागुनमा उनी बितिन् । मलाई लाग्यो उनको सपना पूरा गर्ने ठाउँ भनेको विद्यालय हो। त्यसैले विद्यालयमा नै केही गर्छु।'

आफ्नो इच्छाबारे विद्यालयमा कुराकानी गरेपछि विद्यालयमा मञ्चको समस्या रहेकोबारे कुराकानी भएपछि मञ्च निर्माण गरेको केसी बताउँछन् । हरेक विद्यार्थी धूलो र खुला चौरमा नबसी धूलो रहित तथा ओत लाग्न सकिने मञ्चमा सुखले बस्न पाउँदा श्रीमतीको आत्मालाई शान्ति मिल्ने उनको भनाइ छ।

मञ्चको उद्घाटन कार्यक्रमका अवसरमा विद्यालयका प्रधानध्यापक होमनाथ पराजुलीले जीसीलाई सम्मान गरेका छन् । ग्रामीण क्षेत्रमा सञ्चालित विद्यालयहरूमा मञ्च नहुँदा खुला चौरमा नै औपचारिक कार्यक्रम हुँदै आएको बताउँदै उनले राज्यले गर्नुपर्ने काम व्यक्तिले नै गरेकोप्रति धन्यवाद व्यक्त गरे।

'देशका कति ठाउँमा जीर्ण भवनमा बसेर अध्ययन गर्नुपर्ने बाध्यता छ। यो अवस्थामा भवन छाडेर मञ्च निर्माण गरेन भनेर राज्यप्रति गुनासो गरेर पनि भएन तर उहाँले राज्यले गर्नुपर्ने काम गर्नुभएको छ', उनले भने, 'सामुदायिक विद्यालय भनेका हामी सबैका साझा सम्पत्ति हुन् । हाम्रा छोरानातिले अध्ययन गर्ने ठाउँमा गरेको दानले सधैँका लागि आशीर्वाद मिल्छ । हरेक वर्षका विद्यार्थीहरूले वर्षौंसम्म उहाँलाई सम्झिने छन् ।

# स्ववियु निर्वाचन : उत्साहजनक उम्मेदवारी दर्ता

**रासस**
काठमाडौं, २७ फागुन

त्रिभुवन विश्वविद्यालय (त्रिवि) मा हुने स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनका लागि देशभरका क्याम्पसमा आज उत्साहजनक रूपमा उम्मेदवारी भएको छ।

शनिबार उम्मेदवारीसँगै विगत १४ वर्षदेखि नियमित हुन नसकेको स्ववियु निर्वाचन हुने सुनिश्चित भएको छ। त्रिवि विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक पशुपति अधिकारीले छिटफुट क्याम्पसमा बाहेक देशभरि नै सबै क्याम्पसमा उम्मेदवारी दर्ता भएको जानकारी दिनुभयो। उहाँले उम्मेदवारी दर्ता प्रक्रिया रोकिएका क्याम्पसमा वार्ता गरी सहमति गरेर राति अबेरसम्म भए पनि निर्वाचनमा प्रक्रिया गर्न निर्देशन दिएको बताउनुभयो । "देशभरिका क्याम्पसमा उत्साजनक रूपमा उम्मेदवारी दर्ता भएका छन्" उहाँले भन्नुभयो, "केही अवरुद्ध भएका क्याम्पसमा राति १० बजेसम्म भए पनि वार्ता र सम्वाद गरेर निर्वाचन प्रक्रिया सुरु गर्न निर्देशन दिएका छौँ ।" विद्यार्थी सङ्गठनले आआफ्नो ब्यानरसहित उम्मेदवारी दर्ता गराउन क्याम्पसमा पुगेका थिए। स्ववियु निर्वाचनका लागि प्रत्यक्ष तथा समानुपातिकतर्फका उम्मेदवारीले मनोनयन गरिएको हो । शनिबार बिहान ११ बजदेखि दिउँसो २ बजेसम्म स्ववियु निर्वाचनमा विद्यार्थी सङ्गठनका तर्फबाट उम्मेदवारले मनोनयन पत्र दर्ता गराएका हुन्। अध्यक्ष, सचिव र कोषाध्यक्ष तथा ५० प्रतिशत सदस्य प्रत्यक्ष निर्वाचन प्रणाली र उपाध्यक्ष, सहसचिव र ५० प्रतिशत सदस्य समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने छन् । निर्वाचनमा २८ वर्षे उमेर हद बन्दी कायम गरिएको छ । प्रत्यक्ष तथा समानुपातिकतर्फका उम्मेदवार विसं २०५१ फागुन २८ गते जन्म मितिको र सोभन्दा पछि जन्मेका विद्यार्थीले उम्मेदवार बन्न पाउने छन्।

निर्वाचनका लागि वार्षिक परीक्षाअन्तर्गत कार्यतालिका प्रकाशन भएसँगै भर्ना र सेमेष्टरतर्फ एक हप्ताअघि नै भर्ना प्रक्रिया रोकिएको थियो । त्रिविले यसअघि पटकपटक निर्वाचन घोषणा गरे पनि विद्यार्थी सङ्गठनबीच भएको विवादले निर्वाचन हुन सकेको थिएन। प्रत्येक दुई/दुई वर्षमा हुने स्ववियु निर्वाचन विसं २०६५ यता नियमित हुनसकेको छैन । विसं २०६५ चैत ६ गते भएको स्ववियु निर्वाचन एकै पटक आठ वर्षमा विसं २०७३ चैत १५ गते भएको थियो। निर्देशनालयका निर्देशक अधिकारीले आज मनोनयन पत्र दर्ता गराएका प्रत्यक्षतर्फका उम्मेदवारको नाम नामावली आजै प्रकाशन गरिएको बताउनुभयो । उहाँका अनुसार उपत्यकाको त्रिचन्द्र कलेज र आयुर्वेद क्याम्पसमा निर्वाचन प्रक्रिया सुरु भएको छैन।

उपत्यका त्रिवि केन्द्रीय क्याम्पस, अमृत साइन्स क्याम्पस, नेपाल ल क्याम्पस, पद्मकन्या क्याम्पस, सरस्वती क्याम्पस, पशुपति बहुमुखी क्याम्पसलगायत सबै क्याम्पसमा निर्वाचनमा विद्यार्थी सङ्गठनले उत्साहजनक रूपमा सहभागी भई उम्मेदवारी दर्ता गराएका छन् । उम्मेदवारको नामावली उपर दाबी विरोध भोलि फागुन २८ गते बिहान ११ बजेदेखि दिउँसो २ बजेसम्म तोकिएको छ । उम्मेदवारमाथिको दाबी उपरमाथि छानबिन गरेपछि फागुन २८ गते बेलुका ५ बजे नामावली प्रकाशन गर्ने, फागुन २९ गते दिउँसो १ बजेसम्म उम्मेदवारले नामा फिर्ता लिने र सोही दिन दिउँसो २ बजे उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने समय तोकिएको छ।

स्ववियु निर्वाचन आगामी चैत ५ गते बिहान ८ बजेदेखि दिउँसो ४ बजेसम्म तोकिएको छ। निर्वाचनमा देशभरिका त्रिविका ६२ आङ्गिक र एक हजार ४० सम्बन्धन प्राप्त क्याम्पसमा हुनेछ।

# अधुरा आयोजना सम्पन्न गराउन प्रधानमन्त्रीको ध्यानाकर्षण

**रासस**
म्याग्दी, २७ फागुन

म्याग्दीका जनप्रतिनिधिको टोलीले जिल्लाका अधुरा आयोजना सम्पन्न गराउन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'समक्ष ध्यानाकर्षण गराएका छन्।

म्याग्दी प्रदेशसभा २ बाट निर्वाचित गण्डकी प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री रेशमबहादुर जुग्जाली र प्रदेशसभा १ बाट निर्वाचित प्रदेशसभा हरिबहादुर भण्डारीले शनिबार बालुवाटारमा प्रधानमन्त्रीलाई भेट गरी ध्यानाकर्षण गराउनुभएको हो। सङ्घीय सरकारमार्फत सञ्चालित अधुरा राहुघाट जलविद्युत् र आठ वटा सडकसम्बन्धी आयोजना निर्माणलाई गति दिने विषयमा प्रधानमन्त्रीसँग छलफल भएको हो । प्रशासनिक, राजनीतिक र व्यावसायिक पहुँच भएका निर्माण व्यवसायीको अटेरी, आयोजना र कार्यालय प्रमुख तथा सरोकारवालाले चासो नदिनुका साथै पर्याप्त बजेट नआउने, निर्माण व्यवसायीले उपकरण, मजदुर परिचालन र निर्माण सामग्री जुटाउन नसक्दा आयोजना थलिएको उहाँहरुले बताउनुभएको थियो । अधुरा आयोजनालाई पूर्णता दिनका लागि प्रधानमन्त्री प्रचण्ड, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा मिनबहादुर श्रेष्ठ, सम्बद्ध विभागीय मन्त्री र मन्त्रालयका अधिकारीहरुसँग भेटघाट र छलफल गरिएको मन्त्री जुग्जालीले बताउनुभयो।

"जिल्ला र हाम्रो तहबाट सिर्जना गरिएको दबाबको सुनुवाइ र सम्बोधन नभएका केही आयोजनाका विषयमा सम्माननीय प्रधानमन्त्री, विषयगत मन्त्री र अधिकारीहरुसँग भेटेर छलफल गरेका छौँ", उहाँले भन्नुभयो, "अधुरा आयोजना सञ्चालन गरेका सरकारी निकायका अधिकारी र निर्माण व्यवसायीलाई प्रधानमन्त्रीले हाम्रै अगाडि फोन गरेर तत्काल काम अघि बढाउन निर्देशन दिनुभएको छ।" करिब दुई वर्षदेखि रोकिएको बेनी अस्पतालको ५० शय्या क्षमताको भवन निर्माणको ठेक्का लिएको निर्माण कम्पनी महादेव-खिम्ती-रफिना-गल्वा जेभीका सञ्चालक निर्माण व्यवसायी महासङ्घका अध्यक्ष रवि सिंहलाई प्रधानमन्त्रीले काम अघि बढाउन निर्देशन दिनुभएको थियो। राहुघाट-जविद्युत्, बेनी-जोमसोम-कोरला, पोखरेबगर-चित्रेलगायत सङ्घीय सरकारले सञ्चालन गरेका अधुरा सडक, पुल र भवन आयोजनामा पर्याप्त बजेट व्यवस्थापनका साथै निर्माण अघि बढाउन प्रधानमन्त्रीसँग छलफल भएको टोलीले जनाएको छ।

बेनीदेखि ढोरपाटन हुँदै रुकुम र धवलागिरि गाउँपालिकाको गुर्जालाई सडक सञ्जालले जोड्ने सडक, रघुगङ्गा-म्याग्दी चक्रिय सडक र मोटेरेबल पुल निर्माणका लागि योजना आयोगका उपाध्यक्ष श्रेष्ठसँग छलफल गरिएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किरातीसँग धौलागिरि, अन्नपूर्ण, गुर्जा हिमालको आधार शिविर र अन्य पर्यटकीयस्थलमा पूर्वाधार निर्माणका विषयमा छलफल गरिएको टोलीमा सहभागी धवलागिरि गाउँपालिका-१ गुर्जाका वडाध्यक्ष झकबहादुर छन्त्यालले बताउनुभयो।

# दमौली बजार जोगाउन मादीमा बाँध निर्माण

**पोखरापत्र संवाददाता**
तनहुँ, २७ फागुन

तनहुँको सदरमुकाम दमौली बजारलाई बाढीबाट जोगाउनका लागि मादी नदी किनारमा बाँध निर्माण थालिएको छ।

गत वर्ष मादीमा आएको बाढीले कटान गरेपछि दमौली जोखिमा परेको थियो । अहिले बाँध निर्माणको काम धमाधम भइरहेको छ।

पृथ्वी राजमार्गअन्तर्गत व्यास नगरपालिका-३ मादीकिनारमा दुई सय ५२ मिटर ग्याबिन तारसहितबाँध निर्माण गरिएको जिल्ला सिँचाइ विकास डिभिजन कार्यालयका प्रमुख रमेशराज शर्माले जानकारी दिनुभयो। व्यास-३ तल्लो भतेरीमा बाढी बस्तीमा पसेपछि जोखिम कम गर्ने उद्देश्यले बाँध निर्माण गरिएको हो । चालु आर्थिक वर्ष २०७९/८० को असार मसान्तभित्र बाँध निर्माण सम्पन्न गर्ने गरी एमआर ग्रुप चितवनले गत वर्ष निर्माणको ठेक्का लिएको थियो । यसका लागि गण्डकी प्रदेश सरकारले रू दुई करोड ५० लाख विनियोजन गरेपछि निर्माण थालिएको हो । "निर्माण अन्तिम चरणमा पुग्दा बजेट निकासामा ढिलाइ भएको छ", प्रमुख शर्माले भन्नुभयो । उहाँका अनुसार हालसम्म रू २० लाख मात्रै भुक्तानी भएको छ।

सोही बजेटमा व्यास-५ पाटनस्थित मादीकिनारमा झण्डै एक सय मिटरको बाँध निर्माण भइरहेको छ । व्यास-५ का छ सय ६३ र व्यास-३ का केहीपरिवार कटानका कारण जोखिममा छन् । टोल विकास संस्थाका अध्यक्ष कृष्णकुमार श्रेष्ठगत वर्ष बाढी आएपछि रातभर जाग्राम बस्नु परेको बताउनुहुन्छ।